# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ८ संख्या ८ सभाबाट पारित मितिः २०८१।०१।३०**

# भाग-२

## विपद् राहत सम्बन्धी मापदण्ड, २०८१

सिस्ने गाउँपालिका क्षेत्रभित्रि बिभिन्न समयमा बिपद् घटेको बेलामा तल्काल सो घटनाका पिडित परिवारहरुलाई वितरण गरिने राहतमा एकरुपता कायम गर्न एवं सहयोगलाई पारदर्शी गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (  न) ले दिएको अधिकार अनुसार यो मापदण्ड तयार गरी लागु गरिएको छ।

**१.संक्षिप्त नाम र प्राम्भः**

क) यस मापदण्डको नाम “विपद् राहत वितरण सम्बन्धी मापदण्ड, २०८१” रहेको छ।
ख) यो मापदण्ड गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखी लागू हुनेछ।

**२. परिभाषाः**

**विषय प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,**

क) “मापदण्ड” भन्नाले “विपद् राहत वितरण सम्बन्धी मापदण्ड २०८१” भन्ने सम्झनु पर्छ।
ख) “कोष” भन्नाले विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।
ग) “विपद् व्यवस्थापन समिति” भन्नाले सिस्ने गाउँपालिकाको स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।
घ) “गाउँपालिका” भन्नाले सिस्ने गाउँपालिका, रुकुमकोट रुकुम पूर्वलाई सम्झनु पर्छ।
ङ) “कार्यपालिका” भन्नाले सिस्ने गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ।
च) “अध्यक्ष” भन्नाले सिस्ने गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।
छ) “उपाध्यक्ष” भन्नाले सिस्ने गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।
ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सिस्ने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

**३.प्रकोप / विपद् भन्नाले देहायका प्रकोपहरुलाई जनाउने छ।**

(क) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ, भूकम्प ज्वालामुखी बिस्फोट, आगलागी, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।
ख) “गैर प्राकृतिक विपद्” भन्नाले महामारी, बिद्युत सर्ट, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डमिक फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृति कारणले उत्पन्न विपद सम्झनु पर्छ।

**४.कोषको वित्तिय व्यवस्था**

सिस्ने गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा न्यूनतम रु १०,००,०००।-(अक्षरेपी दश लाख मात्र) मौज्दात कायम राख्ने व्यवस्था स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति मार्फत प्रमुख प्रशासकीय अधिकृतबाट मिलाइनेछ।

१ कोषमा देहायका रकमहरु रहने छन्

क गाउँ सभाबाट विपद् व्यवस्थापन कोषका लागि बार्षिक रुपमा विनियोजन हुने रकम,
ख अन्य स्थानीय तहबाट प्राप्त हुने रकम,
ग दातृ निकाय/परियोजना/ गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,
घ कोषलाई सेवा शुल्कबाट प्राप्त हुने रकम,

ङ कोषलाई अन्य विभिन्न स्रोतहरुबाट प्राप्त हुने रकम,

२. विपद् व्यवस्थापन कोषको रकम छुट्टै खाता खोली जम्मा गरिने छ। कोषको संचालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

३.कोषको लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

**५. कोषको आर्थिक व्यवस्थाः**

विपद् व्यवस्थापन कोषको आर्थिक व्यवस्था यस मापदण्डमा तोकिए बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**६.विपद् राहत वितरण**

गाउँपालिकाले पिडित परिवारहरुलाई राहत वितरण तथा पुनर्स्थापना गर्नका लागी विपद् ब्यवस्थापन समितिको बैठकबाट देहायका बमोजिम राहत उपलब्ध गराउने छ। पिडित परिवारलाई बस्नेको लागि कुनै पनि किसिमको घर वा अन्य भौतिक सम्पति भएको खण्डमा राहत उपलब्ध गराउन बाध्य नहुने ।

क) विपदमा परी कुनै व्यक्तिको मृत्यू भएको रहेछ भने प्रति मृतक नगद रु.२५,०००।–(अक्षरेपी पच्चिस हजार मात्र) मृतकका परिवारलाई राहत स्वरुप नगद रकम उपलब्ध गराईनेछ। विपदमा परि मृत्यू भएको व्यक्तिको परिवार भित्रको कुनै पनि सदस्य जिवित नभएको खण्डमा रकम उपलब्ध गर्न बाध्य नहुने तर नजिकको हकवाला समेत नभई प्रचलित परम्परा एवं संस्कार बमोजिम काजकिरिया गर्न समस्या भएमा सदगद वापतको खर्च गाउँपालिकाले व्यहोर्ने छ ।

ख) कुनै पनि विपदमा परी कुनै व्यक्तिको घर (बस्नको लागि अन्य केहि नभएको ) र खाधान्न, लत्ताकपडा समेत पूर्ण रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्कालिन राहतका लागि नगद रु.३०,०००।-(अक्षरेपी तीस हजार मात्र ) सम्म वा जिन्सी /खाद्य सामाग्री उपलब्ध गरानेछ।

ग) कुनै पनि विपदको घटनामा परी कुनै व्यक्तिको घर (पूर्ण रुपमा क्षति नभई लच्किएको तर बस्ने नहुने ) वा खाद्यान्न तथा लत्ताकपडा समेत आंशिक रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्कालिन राहतका लागि नगद रु .१५,०००।–(अक्षरेपी पन्ध्रहजार मात्र) सम्म

घ)

ङ)

च) वा जिन्सी खाद्य वा गैर खाद्य सामाग्री उपलब्ध गराइने छ ।

छ) विपदबाट घर बहालमा बसेको भएमा वा पसल व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि प्रति परिवार नगद रु .१०,०००।-(अक्षेरपी दश हजार मात्र ) सम्म वा सो बराबरको जिन्सी (खाद्य वा गैर खाद्य सामाग्री ) सामान राहत उपलब्ध गराईने छ ।

ज) कुनै प्रकारका विपदमा परी घाइते भएका बिरामीहरुलाई उपचारका लागि जिल्ला अस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने घाइते गरिब,असाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइते अस्पताल लैजादाको एम्बुलेन्स खर्च व्यहोर्ने छ।

झ) विपदबाट घाइते भएको कुनै ब्यक्तिलाई अस्पताल भर्ना भइ उपचार गराउने परेमा त्यस्तो घाइते गरिब,असहाय वा आर्थिक अवस्था कमजोर भएमा त्यस्तो घाइतेको कुरुवाको लागि खाना खाजा खर्च

वापत एक पटकका लागि बढीमा नगद रु.५,०००।-(अक्षरेपी पाँच हजार मात्र) सम्म बिरामी कुरुवा खर्च उपलब्ध गराइने छ ।

ञ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि हावाहुरी, आगलागी वा चट्याङबाट घरको छानो वा अन्य क्षति भएमा रु.१५,०००।-(अक्षरेपी पन्ध्र हजार मात्र ) सम्म राहत उपलब्ध गराउने र सोको लागि वडाको सिफरिस र प्रहरी मुचुल्का अनुसार हुनेछ ।

ट) विपद

ठ) बाट खाद्यान्न बाली तथा अन्य कृषि बाली वा पशुजनधनमा क्षति भएमा गाउँ कार्यपालिकाको कार्यालयले सोको मूल्याङ्कन गर्नुपर्नेछ । क्षतिको मूल्याङ्कन बमोजिम विपद् व्यवस्थापन समितिको बैठकको निर्णयानुसार अधिकतम रु.१५,०००।-(अक्षरेपी पन्ध्र हजार मात्र )उपलब्ध गरिनेछ ।

ड) विपदबाट गोठ, घट्ट लगायतका संरचनाहरु आंशिक रुपमा क्षती भएमा ३,०००।- (अक्षरेपी तिन हजार मात्र) देखी ५,०००।-(अक्षरेपी पाँच हजार मात्र) सम्म र पुर्ण रुपमा क्षती भएमा ८,०००।-(अक्षरेपी आठ हजार मात्र) देखी १०,०००।-(अक्षरेपी दश हजार मात्र) सम्म उपलब्ध गरिनेछ ।

**७.दिर्घकालिन राहत एवं ब्यवस्थापन**

क) दफा ३ को (ख) का पिडित परिवारका लागि स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले थप सहायता (आर्थिक,खाद्यान्न एवं उपचार) उपलब्ध गराउनु पर्ने भएमा त्यसरी सहयोग गर्नु पर्ने परिवार संख्या एकिन गरी कार्यपालिकामा सिफारिस गर्नेछ। विपद् व्यवस्थापन समितिको सिफारिसका आधारमा कार्यपालिकाको बैठकले निर्णय गरे अनुसार थप सहयोग गरिनेछ।

ख) विपद्का कारण बसोबास गरी रहेको स्थानमा बसोबास गराउँदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पिडित परिवारलाई सुरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोबास गराइने स्थान, परिवार संख्या,आवश्यक सामाग्री र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी गाउँपालिका बिपद् ब्यवस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ। त्यसरी भएको सिफारिसको आधारमा गाउँपालिका बिपद् ब्यवस्थापन समितिसंग समन्वय गरी कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक व्यवस्था मिलाइनेछ।

ग) दफा क र ख अनुसारको कार्य गर्नका लागि पूर्ण रुपमा वा आंशिक रुपमा कार्य गर्नका लागि गाउँ कार्यापालिका वा गाउँ बिपद् व्यवस्थापन समितिले वडा समितिलाइ जिम्मेवारी तोक्न सक्नेछ। यसरी तोकिएको जिम्मेवारी अनुसार कार्य गर्ने जिम्मेवारी सम्बन्धित वडा समितिको कर्तब्य हुनेछ।

घ) थप राहत तथा व्यवस्थापनका लागि स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन समितिमा सिफारिस गर्न सक्नेछ।

**८.उप समिति सम्बन्धी ब्यवस्थाः**

(१) यस मापदण्डको अन्य दफामा उलेखित कार्यको अलावा आंशिक वा पूर्ण क्षति भएको विपद् पिडितलाई राहत प्रदान गर्नको लागि सिफारिस गर्न देहाय बमोजिमको उप-समिति रहने छ।

(क) संयोजक वन, वातावरण तथा विपद् ब्यवस्थापन समिति- संयोजक

(ख) बिपद्सँग सम्बन्धित वडाबाट तोकिएको कुनै एक जना वडा समिति सदस्य- सदस्य

(ग) कार्यालयबाट तोकिएको कुनै एक जना सम्बन्धीत विषयको विषय विज्ञ/कर्मचारी- सदस्य

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको शाखा प्रमुख- सदस्य सचिव

(२) उप दफा (१) बमोजिम गठित उपसमितिको कामकर्तब्य र अधिकार देहाए बमोजिम हुनेछन्।

(क) विपतबाट आंशिक तथा पूर्ण रुपमा क्षती भएका संरचनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने।

(ख) विपतबाट आंशिक तथा पूर्ण रुपमा क्षती भएका संरचनाहरुको दर तथा अन्य विवरण सिफारिस गर्ने।

(ग) आवश्यक कागजातहरुः मुचुल्का, फोटोहरु, नागरिकताको प्रतिलिपी, वडाको सिफारिस साथै अन्य आवश्यक कागजात संकलन गर्ने।

च) मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउनको लागि गाउँपालिका विपद् ब्यवस्थापन समितिमा विपद् आएको /भएको ३५(पैंतीस ) दिनभित्र घटनाको सूचना प्राप्त भएमा मात्र घटना पिडितलाई राहत उपलब्ध गराउन पहल गर्ने।

(छ) समितिले तोकेको अन्य कार्य गर्ने।

**९.महामारीजन्य प्रकोप व्यवस्थापनः**

(१) महामारीजन्य प्रकोप व्यवस्थापन तथा राहत वितरण कार्यका लागि देहाय बमोजिमका पदाधिकारी रहेको महामारीजन्य प्रकोपको व्यवस्थापन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) अध्यक्ष | संयोजक |
| (ख) उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| (ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन शाखाको शाखा प्रमुख | सदस्य |
| (च) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (छ) स्वास्थय शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको वैठकमा आवश्यकता अनुसार अन्य कर्मचारी, पदाधिकारी र विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले आफ्नो कार्यविधी आफै व्यवस्थित गर्नेछ।

(४) समितिले महामारीजन्य प्रकोपको व्यवसथापन कार्य ढाँचा, प्रक्रिया, आवश्यक कर्मचारी तथा विज्ञ परिचालन, आवश्यक औषधी तथा अन्य मालसामानको व्यवस्थापन गर्ने निर्णयको साथै राहात वितरणको ढाँचा तथा परिमाणको निर्णय गर्न सक्नेछ।

(५) समितिको वैठक भत्ता प्रचलित कानुन बमोजिम उपलब्ध गराईनेछ।

**१०. राहत वितरणको अनुगम, अभिलेख, प्रतिवदेन**

१. राहत वितरणलाई प्रभावकारी बनाउन गाउँपालिकाका अध्यक्षको संयेजकत्वमा निजले तोकेका व्यक्तिहरु सहितको ५(पाँच) सदस्य अनुगमन समिति रहने छ।

२. सम्बन्धित वडाले राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी सार्वजनिक गर्नुपर्नेछ र एक प्रति

सिस्ने गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

**११. बाधा अडकाउ फुकाउने अधिकार**

यस मापदण्डमा भएको व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

आज्ञाले,
रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत